उत्खनन् विवरण

१. नदीको नाम

२. ठाउको नाम

३. उत्खनन् गरिने परिमाण घ.फू. मा :

४. उत्खनन् कार्यमा प्रयोग हुने साधन

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार वा प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना:

६ उत्खनन् गर्ने अवधि : मिति २०७। । ......गते बाट २०७ साल ....... भित्र ।

(कुनै शिकायत, गुनासो वा थप जानकारीका संबन्धित स्थानीय तहमा सम्पर्क गर्ने)

नगरकार्यपालिका वैठकवाट स्वीकृत मिति : २०७७०६।०७

आज्ञाले
गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

माहाकाली नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : ६, असोज २८ गते, २०७७ साल

**भाग-२**

## “नदिजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री वितरण तथा व्यवस्थापन कार्यविधि २०७७

**प्रस्तावना** :

यस नगरपालिकाको पूर्वाधार विकास कार्यमा ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदिजन्य तथा खानीजन्य पदार्थहरुको अभाव हुन नदिई सहज र नियमित रुपमा आपूर्ति गर्न यस्ता निर्माण सामग्रीहरुको अनियन्त्रीत दोहनलाई निरुत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रवाट हुने राजश्व संकलनलाई व्यवस्थित तथा न.पा.को आयको अंग वनाउन र न.पा.लाई गिट्टी, ढुङ्गा, वालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्ने अधिकारको उपयोग गर्न व्यवहारिक तथा नीतिगत प्रक्रिया निर्धारण गर्न वान्छनीय भएकोले यस नगरपालिकाको कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

**परिच्छेद १**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम **“नदिजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री वितरण तथा व्यवस्थापन कार्यविधि – २०७७”** रहेको छ ।

२. **परिभाषा:** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१. "**कार्यविधि**" भन्नाले **"नदिजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री वितरण तथा व्यवस्थापन कार्यविधि – २०७७"** जनाउने छ ।

२.२. "**मन्त्रालय**" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउने छ ।

२.३. "**आन्तरिक अनुगमन समिति**" भन्नाले नगरपालिकामा नगर प्रमुखको संयोजकतत्वमा गठित सम्वन्धित वडाको प्रमुख र वातावरण अधिकृतलाई जनाउने छ ।

२.४ "**नगरपालिका**" भन्नाले माहाकाली नगरपालिकाको कार्यपालिकालाई जनाउने छ ।

२.५. "**ढुङ्गा, गिट्टी र वालुवा जन्य पदार्थ**" भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी, खानी वा बगर क्षेत्रबाट संकलन र उत्खनन् गर्दा निस्कने रोडा,ढुङ्गा, गिट्टी,वालुवा,मिस्कट,पाँगो,भरुवा र माटो समेतलाई जनाउनेछ ।

२.६. "**वातावरणीय प्रभाव मूल्यांकन** (EIA)" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा जस्तानदीजन्यपदार्थ उत्खनन् तथा ओसारपसार गर्न नेपाल सरकारद्वारा स्वीकृत Environmental Impact Assisment (वातावरणीय प्रभाव मूल्याकंन प्रतिवेदन) लाई जनाउने छ ।

**२.७. "प्रारम्भिक वातावरणीय परीक्षण** (IEE)" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्यपदार्थ उत्खनन् तथा ओसारपसार मन्त्रालय वा प्रत्यायोजित अधिकारद्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन) लाई जनाउने छ ।

२.८. "**वातावरण मूल्यानकन**" भन्नाले वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण **(**EIA/ IEE**) लाई** जनाउने छ ।

**२.९ "नदीजन्य पदार्थ"** भन्नाले नदी, नदी किनार वा खानीबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, ग्रेभल र वालुवा जन्य पदार्थलाई जनाउनेछ ।

**३. संकलन तथा उत्खनन्को लागि कार्यविधिले तोकेको क्षेत्र** :यो कार्यविधि निम्न क्षेत्र भित्र मात्र लागू हुने छ ।

३.१. नदीजन्य वा खानीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न स्थानीय तहले स्वीकृत गराएको वातावरणीय मुल्यांकन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्रहरु ।

३.२. नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले नदीजन्य पदार्थ थुप्रन गई सोको कारणले प्रकोप जोखिम निम्तिन सक्ने भएकोले त्यस्ता पदार्थ हटाउन तोकेको स्थलहरु ।



**९. वातावरण व्यवस्थापन योजना**

यस खण्डअन्तर्गत नकारात्मक प्रभाव न्यूनीकरण तथा सकारात्मक प्रभाव प्रवर्द्धनका उपायहरू कसले, कहिले र कसरी निरीक्षण गर्छ भन्ने कुराहरूको विवरण समेट्छ । यस खण्डलाई निम्न बुँदाहरूमा व्याख्या गर्न सकिन्छ :

- **संलग्न संस्था र त्यसका कार्य**

| क्रियाकलाप | विधि | कार्य | समय |
|---|---|---|---|
| प्रभावको आधारमा तयार गर्ने । | कसरी गर्ने | के के गर्ने हो उल्लेख गर्ने । | कहिले गर्ने हो उल्लेख गर्ने । |
| | .......................... | | |
| | | | |

- **प्रभाव न्यूनीकरणको बजेट**

| क्रियाकलाप | खर्च | कसले गर्ने हो उल्लेख गर्ने |
|---|---|---|
| | | |
| | | |

- **न्यूनीकरण उपायको कार्यान्वयन**

| प्रभाव बिवरण | उपाय/विधि | तलिका | भागिदार संस्था |
|---|---|---|---|
| | | | |
| | | | |

- वातावरणीय अनुगमन तथा निर्देशन
  - निरीक्षण उत्तरदायित्व
  - निरीक्षण बजेट
  - निरीक्षणका प्रकार

**१०. निष्कर्ष**

प्रारम्भिक वातावरणीय परीक्षणको निष्कर्ष यहाँ छलफल गरिन्छ ।

**११. सन्दर्भ सामग्री** नमुना

**१२. अनुसूची**

**क. अनुमोदित ToR**

**अनुसुचि नं. ११**

**उत्खनन् स्थलमा राख्नु पर्ने होडिङ्ग बोर्डको नमुना (दफा १५.४ बमोजिम)**

(ढुङ्गा, गिट्टी, वालुवा र खानि तथा नदीबाट ढुङ्गा र माटो जन्य पदार्थ उत्खनन्, ओसार पसारे कार्यको लागि IEE/EIA कार्वान्वयनका सन्दर्भमा उत्खनन् स्थलमा सार्वजनिक जानकारीका लागि राखीएको)

उत्खनन् गरिने स्थल

## ८. प्रभावको मूल्याङ्कन तथा नकारात्मक प्रभावको न्यूनीकरण र सकारात्मक प्रभावको प्रवर्द्धन

यस खण्डमा, वातावरणीय अध्ययनबाट परियोजना सञ्चालनमा पर्न गएका प्रभाव तथा वस्तुस्थिति सम्बद्ध तथ्य तथा प्रश्न उत्तरबाट प्राप्त सूचनाहरूको मूल्याङ्कन गरी नकारात्मक तथा सकारात्मक प्रभावहरू छुट्याइन्छ । सकारात्मक प्रभावहरूलाई जोगाउँदै नकारात्मक प्रभावहरूलाई व्यवस्थापन गर्नु नै यसको उद्देश्य हो ।

| | |
|---|---|
| प्रकृति - | प्रत्यक्ष, अप्रत्यक्ष |
| परिमाण - | अल्प, मध्यम तथा अत्यधिक |
| पहुँच - | परियोजना क्षेत्र, स्थानीय तथा राष्ट्रिय |
| अवधि - | छोटो, मध्यम तथा लामो समय |

प्रभाव मूल्याङ्कनपश्चात् नकारात्मक प्रभावको न्यूनीकरण तथा सकारात्मक प्रभावका प्रवर्द्धनका उपायहरू पनि पत्ता लगाइन्छ ।

| प्रभाव | समय | पक्ष | प्रभाव विवरण | प्रकृति | परिमाण | | अवधि | प्रभाव प्रवर्द्ध तथा न्यूनीकरण का उपाय | कार्यकारी संस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| सकारात्मक | सञ्चालन अवधि | भौतिक | ........ | ..... | ...... | ..... | | | |
| | | जैविक | | | | | | | |
| | | आर्थिक | | | | | | | |
| | | सामाजिक तथा सांस्कृतिक | | | | | | | |
| | चल्ती तथा सम्भार अवधि | भौतिक | | | | | | | |
| | | जैविक | | | | | | | |
| | | आर्थिक | | | | | | | |
| | | सामाजिक तथा सांस्कृतिक | | | | | | | |
| नकारात्मक | सञ्चालन अवधि | भौतिक | | | | | | | |
| | | जैविक | | | | | | | |
| | | आर्थिक | | | | | | | |
| | | सामाजिक तथा सांस्कृतिक | | | | | | | |
| | ढुवानी अवधि | भौतिक | | | | | | | |
| | | जैविक | | | | | | | |
| | | आर्थिक | | | | | | | |
| | | सामाजिक तथा सांस्कृतिक | | | | | | | |



## परिच्छेद २

**४.** नदीजन्य पदार्थ **संकलन र उत्खनन् विधि :**

यस कार्यविधि बमोजिम संकलन र उत्खनन् गर्दा नगरपालिकाले देहायको शर्त तथा मापदण्ड पालना गर्नुपर्ने छ ।

४.१ नदीजन्य पदार्थको संकलन, उत्खनन् सम्बन्धी कार्ययोजना नगरपालिकाले प्रत्येक वर्ष तयार गरी कार्यान्वयन गर्नु पर्नेछ । यस सम्बन्धमा अनुसुचि १ मा उल्लेख गरिएका विभिन्न चरणहरु अवलम्बन गर्नु पर्ने छ ।

४.२ नगरपालिकालेनदीजन्य पदार्थउत्खनन् कुन क्षेत्रबाट कति संकलन गर्न सकिन्छसो सार्वजनिक गरी सो अनुसार वातावरण प्रभाव मुल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण गराई नदीजन्य पदार्थ उपभोग गर्न सकिनेछ । यसरी प्रयोग गर्दा तोकिएको दरमा कर लिई राजस्व संकलन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४.३नदीजन्य पदार्थ संकलन र उत्खनन् दुई वटा स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने अवस्था भएमा संयुक्त समिति बनाई सकंलन र उत्खनन्को व्यवस्था मिलाउन सकिनेछ ।

४.४ नदीजन्य पदार्थ संकलन र उत्खनन् कार्यको लागि ठेक्का वा अन्य कुनै व्यवस्था गरी कार्य गराउनु पुर्व वातावरण प्रभाव मुल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनसंग तादम्यता कायम गरी प्रत्येक वर्ष वर्षायाम पछि अनुसूची२ अनुसार वातावरणीय चेक लिष्ट बनाई सो बमोजिम प्राविधिकबाट तयार गर्न लगाई सोको आधारमा समेत सम्झौता गर्नु पर्नेछ ।

४.५ प्राकृतिक स्रोत तथा साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रुपमा नहोस् भन्नका लागि नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन वा उत्खनन् गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा वातावरणीय मुल्यांकन गरेपछि मात्र ठेक्का बन्दोवस्त लगाउने व्यवस्था मिलाउनु पर्ने छ ।यसरी वातावरणीय मुल्यांकन गर्दा उत्खनन् तथा संकलन गर्ने कार्य सुरु हुने र बन्द हुने महिना किटान गर्नुपर्ने छ ।

४.६ नदीजन्य पदार्थको संकलन र उत्खनन् गर्ने प्रकिया शुरु गर्नको लागि सम्भाव्यता अध्ययन गर्न पर्नेछ । सो अध्ययन गर्दा ३० मिटर भन्दा फराकिला नदीहरु, स्थिर नदी खोलाहरु भन्दा छुट्टिने र मिल्दै बग्ने (ब्रेडेड) नदी छान्ने, जीव र वनस्पति कम भएको नदीहरु छनोट गर्ने आधारहरु तय गर्नुपर्ने छ ।

४.७नदीजन्य पदार्थको संकलन गरिने क्षेत्रको परिमाण एकिन गर्दा नगरपालिकाले प्रतिनिधि, प्राविधिक र स्थानीय बासिन्दासमेतको रोहवरमा

स्थानको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन् गरिने गहिराई समेत जानकारी गराई सिमांकन गर्नु पर्ने सो संबन्धी सूचना सोही ठाउँमा राख्ने व्यवस्था गर्ने ।

४.८ नदीजन्य पदार्थको संकलन गरिने क्षेत्रका स्थानीय वासिन्दाको सरोकार समुह गठन गरि परिमाण एकिन, चौकिल्ला र गहिराई निर्धारण, उत्खनन् पश्चात नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने आठ किल्ला र निसानाका आधारमा परिमाण एकिन गरे पछी मात्र सो स्थानबाट उत्खनन् कार्यको थालनी गर्ने । यसरी तोकीएको सिमा भित्रबाट मात्र उत्खनन्कर्ताले नदीजन्य पदार्थको संकलन, उत्खनन्गरी लैजान सक्नेछ ।

४.९यस कार्यविधि बमोजिम नदीबाट नदीजन्य पदार्थको उत्खननतथा ओसारपसार गर्न अनुमति दिँदा कुनै स्थानमा जम्मा गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

४.१०नदीबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा खटिएका प्रविधिकको तथा कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको क्षेत्र भित्रको सिमाबाट मात्र वातावरणीय मुल्याङ्कनमा तोकिए बमोजिम र श्रममुलक प्रविधिको प्रयोग सम्वन्धमा सम्झौतामा के व्यवस्था गरिएको छ सो बमोजिम गर्न पर्ने छासाथै स्थानिय स्तरमा बसोबास गर्ने नागरिकलाई श्रममा विषेश प्राथमिकतामा राखिनु पर्ने छ ।

४.११उत्खनन् गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा वातावरण प्रभाव मुल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम र अन्यको हकमा ठेक्का सम्झौता वा नगरपालिकातथा जिल्ला समन्वय समितिको निर्णय बमोजिम गर्ने ।

४.१२नदीजन्य पदार्थको संकलन, उत्खनन्गर्ने परिमाण, गहिराई, स्थान प्रविधि तथा समय समेतसम्झौताम तोकि दिनु पर्नेछ र सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा राख्नु पर्नेछ ।

४.१३ उपर्युक्त प्रावधान बमोजिम ठेक्का पट्टा गर्दा अनुसूची ३, सम्झौता गर्दा अनुसूची ४ र पट्टा जारि गर्दा अनुसूची ५ बमोजिम गर्नुपर्ने छ ।

४.१४उत्खनन् स्थलसम्म जाने र फर्कने मार्ग निर्धारण सम्बन्धित नगरपालिकाले स्थानीय सहमतिका आधारमा गर्ने । नदी वा खोलामा उत्खनन्का लागिसाधन सहित प्रवेश गर्दाका बखत यस कार्यविधिको अनुसूचि ६ बमोजिको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन् गर्न प्रवेश गर्न दिने । उत्खनन् परिमाण खुलेको प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज



**अध्याय ३**

## ६. वर्तमान वातावरणीय स्थिति

परियोजनालाई केन्द्रित गरी सूचना सङ्कलन गरिनुपर्नेछ ।

| पक्ष | क्षेत्र | तरिका |
|---|---|---|
| भौतिक | पक्तिबन्धन | हालको आस्था के छ ? तथ्यमा आधारितरही वर्णन गर्ने |
| | भौगोलिक वर्णन, भागर्भिक | |
| | भूतत्व तथा माटोको प्रकार | |
| | जलस्थिति/जलवायु परिवर्तन | |
| | प्राकृतिक प्रकोप | |
| | संवेदनशील क्षेत्र | |
| | वायुमण्डल (वायु तथा मौसम), जल तथा ध्वनिको योग्यता | |
| जौविक | संरक्षण क्षेत्र | पाईएको तथ्यलाई उल्लेख गर्दै वर्णन गर्ने । प्रजातिको विवरण राख्ने । |
| | वनस्पति (आर्युवेदिक महत्वका) | |
| | जीव-जनावर (सङ्कटमा रहेका तथा लोपोन्मुख) | |
| | जलचर | |
| आर्थिक | कारखाना | अवस्था, क्षमता, आदिको समेत तथ्याङ्क लिई वर्णन गर्ने । |
| | भौतिक संरचना | |
| | यातायात | |
| | जमिनको प्रयोग | |
| | शक्ति /विद्युतको स्रोत | |
| | कृषि पद्दति र विकास, खनिज विकास तथा पर्यटन प्रवर्द्धन | |
| | खाद्यान्नको पर्याप्तता आदि | |
| सामाजिक तथा सांस्कृतिक वातावरण | जनसङ्ख्या तथा समुदाय | पाईचार्ट, हिस्टोग्राम, रेखाचित्र आदि बनाई प्रस्तुत गर्ने र त्यसको प्रवृत्ति र प्राप्तिको आधारमा वर्णन गर्ने । |
| | बसाईँसराइको चलन | |
| | स्वास्थ्य सरलता | |
| | शिक्षा सरलता | |
| | समाजको आर्थिक अवस्था (समुदायको बनोट, परिवारको बनोट, सामाजिक सद्भाव, आदि | |
| | भौतिक तथा सांस्कृतिक सम्पदा | |
| | स्थानीयद्वारा स्थानीय स्रोत-साधनको प्रयोग | |
| | पुरातात्विक महत्वको स्थान | |
| | धार्मिक तथा सांस्कृतिक चाडपर्व आदि | |

द्रष्टव्य : जीवजन्तु तथा बोटबिरुवाको नाम उल्लेख गर्दा स्थानीय नामका साथै वैज्ञानिक नामको पनि प्रयोग गर्नुपर्नेछ ।

**कार्यकारी सारांश (नेपाली)**

यस बुँदाअन्तर्गत, प्रतिवेदनको सारांश उल्लेख गरिएको हुनेछ।

छोटो पृष्ठभूमि
प्रासङ्गिकता
मुख्य उद्देश्य
कार्यविधि, प्रभाव मूल्याङ्कन तथा व्यवस्थापन छलफल
वैकल्पिक उपाय
वातावरणीय व्यवस्थापन योजना
तथा निष्कर्ष

(प्रस्तावकले स्वयम् प्रतिवेदन तयार गरेको हुनाले सुझाव रहने छैन।)

## अध्याय २

### १. प्रस्तावकको नाम र ठेगाना

प्रस्तावकको

नाम
ठेगानाका

साथै परामर्शदाताबाट गराइएको हो भने सोको निम्न विवरण उल्लेख गर्ने।

नाम
ठेगाना
पान PAN नंम्वर

साथै प्रा.वा.प. का अध्ययन टोलिको नामका साथै विषेशज्ञता पनि निम्नरुपमा उल्लेख गरिनुपर्नेछ।

नाम : टोलीनेता (वातावरणविद्)
नाम : भूगर्भविद्
नाम : जीव वा वनस्पति विज्ञ (आवश्यकता हेरी।)
नाम : सामाजिक विज्ञ वा आर्थिक विज्ञ वा संस्कृतिविद् (आवश्यकता हेरी।)

साथै परामर्शदाताबाट पूरै प्रा.वा.अ.को र प्रत्येक अध्ययन टोली सदस्यबाट सम्वन्धित विषयगत पक्षको स्वधोषणा अनुसूचीमा संलग्न नमुनाअनुसारको प्रतिवेदनको अनुसूचीमा संलग्न गर्नपर्ने छ।



तयार गरी अभिलेख राख्ने। नगरपालिकाले अनुगमन गर्दा सोही अभिलेखको आधारमा निरन्तर अनुगमन गर्नुपर्ने छ।

४.१५उत्खनन् गरि सकेपछि छनौट गरि छाडीएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालीएको हो सोही स्थलमा लगि छाड्नु पर्ने छ। नदीबाट उत्खनन् गर्दा तोकिएको गहिराईसम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नु पर्ने छ। संकलन र उत्खनन् गर्दा नदीको पानीको वहाव क्षेत्रपरिवर्तन गर्न पाईने छैन।

४.१६संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदारले वातावरण प्रभाव मुल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदनमा भएका शर्तका अलावा ठेक्का शर्त र अनुगमन समितिले बेला बेलामा दिइएको तथा माहाकाली नगरपालिकाको कार्यालयले दिएको निर्देशन पालना गर्नुपर्ने छ।

४.१७संकलन र उत्खनन् गरी निकालिएको नदीजन्य पदार्थको संकलन तथाउत्खनन्गर्ने कार्य चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्नुपर्ने छ।

४.१८उत्खनन् स्थलमा टेक्टर र ८ घ.मी. सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउनु पर्नेछ।

४.१९ सडक विभाग र नगरपालिकाले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन्।

४.२०वन, राष्ट्रिय निकुञ्ज, आरक्षको मध्यवर्ती क्षेत्र आसपास एवं अन्य संवेदनशिल क्षेत्रबाट नदीजन्य पदार्थउत्खनन् गर्दा डोजर, स्काभेटर, लोडर जस्ता हेवी ईक्वीपमेण्ट प्रयोग गर्न पाइनेछैन। त्यस्तो कार्य भएको पाइएमासोको जानकारी तत्काल रोक्न नगरपालिकाले सम्वन्धित कार्यालयसंग समन्वय गर्नुपर्ने छ।

४.२१ वन क्षेत्रको नदीजन्य पदार्थको संकलन, उत्खनन् गर्दा स्वीकृत वातावरणीय मूल्यांकनमा व्यवस्था भए भन्दा अन्यथा गरेको पाईएमा वन सम्बन्धी कसुरमा कानून वमोजिम वन कार्यालयले कारवाही गर्ने र ठेक्का सम्बन्धी कसूर भएमा नगर कार्यपालिकाको कार्यालयले गर्ने।

४.२२ उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरी उत्खनन् स्थलमा खुल्ला दिशा गर्न निषेध गर्नुपर्ने छ।

४.२३ उत्खननका लागि पहिचान भएको स्थान नजिक सबैले देख्ने गरि उत्खनन् गरिने परिमाण, चौकिल्ला, उत्खनन् विधि र गुनासो सुन्ने अधिकारी को नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सूचना बोर्ड राख्नुपर्नेछ।

४.२४ सम्वन्धित वडाको रोहवरमा नदीजन्य पदार्थको संकलन, उत्खनन् र व्यवस्थापनको लागि स्थानीय जनशक्तिलाई विषेश प्राथमिकता दिनु पर्ने छ ।

४.२५ उत्खनन् क्रियाकलाप वर्षायामको (असार, श्रावण र भदौ) महिनामा गर्न निषेध गर्नुपर्ने छ । साथै उत्खनन् कार्य मंसिर, पौष र माघ महिनामा बिहानको ७ बजेदेखि बेलुकाको ५ बजेसम्म र बाँकी महिनामा बिहानको ६ वजेदेखि बेलुकाको ७बजेसम्म गर्नसकिनेछ ।

५. **उत्खनन् परिमाण नियन्त्रण विधि :**उत्खनन् गर्न निर्धारिण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन नगरपालिकालेदेहाय बमोजिम गर्नु पर्ने छ ।

५.१ संकलन तथा उत्खनन् आदेश दिनु पुर्व प्रविधिकबाट गरिएको नापजाँच तथा रेखाकंनका आधारमा पहिलो पटक उत्खनन् लाईन दिनु पर्नेछ ।

५.२ यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा नगरपालिकाले र संबन्धितवडाले नियमित अनुगमन गर्नु पर्नेछ ।

५.३ दैनिक उत्खनन् गरिएको नदीजन्य पदार्थको अनुसुचि ७ बमोमिको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्नु पर्ने छ ।

५.४ अनुसुचि ८ बमोमिको ढाँचामा दैनिक बिक्री निकासीतेरिज तयार गरी सम्बन्धित ठेकेदारले नगरपालिकालाई पठाउने रसोको अभिलेख राख्ने ।

५.५नदीजन्य पदार्थ संकलन र उत्खनन् कार्य व्यवस्थित गर्नको लागि विलिङ्ग व्यवस्था मिलाउनु पर्नेछ । सो विलिङ्ग व्यवस्था नियन्त्रणको लागि नगरपालिकालेविलिङ्ग कन्ट्रोल (Billing Control) सफ्टवेर तयार गर्नेछ ।

५.६ वालुवा, पांङो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) सञ्चालनगर्दा निस्कासन भएको धुलो, फोहोर आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागु गर्ने र गराइने छ ।

५.७ ठेक्का पश्चात उत्खनन् हुने परिणाम प्रत्येक महिनाको पहिलो हप्ताभित्र ठेकेदारले नगर कार्यपालिकाको कार्यालयलमा पेस गर्नुपर्ने छ ।

## परिच्छेद ३

६. **नदीजन्यपदार्थको ओसार पसार गर्ने विधि :**नदीजन्य पदार्थओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ ।

६.१. नदी प्रवेश आदेश लिई उत्खनन् गरिने स्थानमा प्रवेश गरी उत्खनन् गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधी भर नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएरमात्र ओसार पसार गर्नु पर्ने छ ।



५. नीति, नियम तथा विधान समालोचना

**अध्याय ३**

६. वर्तमान वातावरणीय स्थिति

७. परियोजनाको विकल्प

८. प्रभावको मूल्याङ्कन तथा न्यूनीकरणको उपाय

९. वातावरणीय व्यवस्थापन योजना

१०. सन्दर्भ सामग्री

अनुसूची

स्वीकृत कार्यसूची

सार्वजनिक सूचना

मुचुल्का

सिफारिस-पत्र

सम्पर्क गरिएको व्यक्ति तथा संस्थाको विवरण

प्रकाश चित्र

**अध्याय १**

**शीर्ष पानाः**

मुखपृष्ठको ढाँचा तयार गर्दा निम्न विषयहरूमात्र उल्लेख गर्ने ।

१. प्रस्तावनाको नाम (स्थान विशेष, प्रकृति खुलेको हुनुपर्ने ।)

२. प्रतिवेदनको प्रकृति प्रस्तुतीकरणकोलागि पेश भएको हो वा स्वीकृतिकोलागि

३. प्रस्ताव स्वीकृतिकोलागि पेश गरेको निकाय

४. पेश गर्ने निकायको विवरण

५. महिना र वर्ष

आकर्षक र व्यवस्थित बनाइएको हुनुपर्ने । जस्तैः नक्सा, फोटो राख्ने, मध्य भागमा केही ठाउँ छाडेर राख्ने आदि गर्न सकिन्छ ।

**बिषय सूची**

यस अन्तर्गत यस प्रतिवेदनमा रहेका सम्पूर्ण खण्डहरूरूलाई एकत्रित गरी पृष्ठसहित बुँदागतरुपमा लेखिन्छ ।

जस्तैः

संक्षेपण......................................................................१

कार्यकारी सारांश...........................................................२

**संक्षेपीकृत शब्दको विस्तृत रूप**

यसप्रतिवेदनमा प्रयोग भएका सम्पूर्ण सङ्क्षेप गरिएका शब्दहरूलाई यसमा संलग्न गरिनुपर्नेछ ।

•

विकास निर्माण सामग्रीको उपलब्धता

- धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य एवं सुरक्षा
- जनसङ्ख्या विस्थापन
- खेतीयोग्य जमिन एवं कृषिजन्य सामग्री
- कामदारबीच झैझगडा
- नदीको वरपर बबस्ती विस्तार एवं नदी अतिक्रमण
- पैदलयात्रीको सुरक्षा

७.३.) जैविक वातावरण

माछा एवं अन्य जलचरमा पर्ने प्रभाव

- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार
- वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार

७.४.) रसायनिक वातावरण

- इन्धन/लुब्रीकेन्टस अम्ल तथा अन्य रसायनहरूको चुहावट
- धुलो एवं धुवा उत्सर्जन

**भाग आठ**

**प्रभाव बढोत्तीकरण एवंन्यूनीकरण गर्ने उपायहरू**

**भाग नौ**

**वातावरणीय व्यवस्थापन योजना**

**भाग दश**

**निष्कर्ष एवं सुझावहरू**

सन्दर्भ सामग्रीहरू

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदननमूना**

**अध्याय १**

शीर्षक पाना
विषयसूची
संक्षेपण
कार्यकारी सारांश

**अध्याय २**

१. प्रस्तावकको नाम र ठेगाना
२. परिचय
३. परियोजनाको विवरण
४. कार्य-तालिका



६.२. नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसंग भर्न लगाई लिनु पर्ने छ । पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदी) अनुगमनका क्रममा फरक परेमा शर्त उल्लघन गरेको ठहर गर्नुपर्नेछ ।

६.३. नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसारपसार गर्ने समय तोकि दिनु पर्नेछ ।

६.४. नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र ८ घ.मि. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न पाउने छ ।

६.५. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्नु पर्ने छ ।सोको अनुगमनको प्रबन्ध नगर प्रहरी, शसस्त्रप्रहरी र ट्राफिक प्रहरीले मिलाउनु पर्ने छ ।

६.६. नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन र पानी चुहाउन पाउने छैन ।

६.७. मुलबाटोबाट संकलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गको धुलो उड्न नदीन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने छ ।

६.८नदीजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथासंभव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने छ ।

६.९नदीजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको पालना सम्बन्धमा नदीजन्य पदार्थको संकलन, उत्खननमा जिल्ला समन्वय समितिलेप्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनेछ ।

६.१०नदीजन्य पदार्थको उत्खनन् उद्योगको वार्षिक नविकरण गर्नु पूर्व कर चुक्ता प्रमाणपत्र, उद्योग सञ्चालन अनुमति पत्रका साथै वातावरणीय परीक्षण र अनुगमन प्रतिवेदन पेस गर्न लगाई नाविकरणको व्यबस्था मिलाउनु पर्नेछ ।

**परिच्छेद ४**

७. **अनुगमन सम्बन्धी व्यवस्था** : वातावरण प्रभाव मुल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण **(EIA/ IEE)** प्रतिवेदनका शर्तहरुको पालना, संकलन र उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको आन्तरिक अनुगमन गर्न नगरपालिकाकानगर प्रमुखको संयोजकतत्वमा गठित अनुगमन सिमितिले गर्नु पर्ने छ र जिल्ला समन्वय

समिति, प्रदेश र संघबाट हुने अनुगमनमा समेत सहजिकरणको व्यवस्था गर्नु पर्ने छ।

७.१. नदीजन्य पदार्थको उत्खनन् कार्य प्रारम्भ भै सकेपछि यस निर्देशीका बमोजिम भए नभएको नियमित अनुगमन गर्न नगरपालिकाकोनगर प्रमुखको संयोजकतत्वमासम्वन्धित वडा कार्यालयको प्रमुख समेतको अनुगमन कार्यदल बनाई नियमित अनुगमनका लागि परिचालन गर्ने।

७.२ नदीजन्य पदार्थको संकलन, उत्खनन् र प्रशोधन सम्बन्धी अनुगमन गर्दाअनुसूची ९ को नमूना बमोजिम चेक लिष्ट तयार गरी प्रयोग गर्नु पर्नेछ।

७.३संकलन, उत्खनन् तथा ओसारपसारका शर्तहरुको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको जुनसुकै बेला अनुगमन गर्न अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ।

७.४उल्लेखित अनुगमन व्यवस्था अनुसारउत्खनन् तथा ओसारपसारका लागि यस निर्देशीकामा गरीएको सबै व्यवस्थाको पालना भए नभएको, निषेधित क्षेत्रमा प्रवेश गरी चोरी उत्खनन् नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन् नियन्त्रण, नदीजन्यपर्दाथको राजश्व छली गरि हुन सक्ने ओसारपसार, अनुमति बेगर भारी यान्त्रिक औजारको प्रयोग गरी गरिने उत्खनन् लगायतका विषयमा अनुगमन गरी शर्त उल्लघंन गर्ने उपर कारवाही गर्न नगरपालिको न्यायिक समितिमा प्रतिवेदन दिनुपर्ने छ।

७.५खानि तथा नदीजन्य पदार्थको बजार मूल्यनियमन गर्न उत्खनन् स्थल, बजार दुरी र उत्खनन् लागत समेत ध्यान दिई नगरपालिकाको अनुगमन समितिले चौमासिक रुपमा अधिकतम बिक्री दररेट हेरफेर तथा निर्धारण गरी बजार नियमन कार्य गर्नु पर्नेछ रसोको प्रचारप्रसार समेत गर्नु पर्नेछ। यसरी निर्धारण गर्दा अन्य नगर वा गांउपालिकाको दरलाई पनि आधार लिनुपर्नेछ।

७.६अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्वछलीगरी उत्खनन् तथा ओसारपसार गरेको पाईएको भनी आन्तरिक समितिले न्यायिक समितिमा प्रतिवेदन सिफारिस गरेमा त्यस्ता संकलनकर्ता, उत्खनन्कर्ता र ढुवानीकर्तालाई नगरपालिकाको न्यायिक समितिले संविधानले दिएको अधिकारमा रही कारर्वाही चलाउन सक्नेछ।

७.७ सम्झौता अनुसार नदीजन्य पदार्थउत्खनन्लाई वार्षिक रुपमा व्यवस्थितगर्न संकलन गरिएको ढुङ्गा, गिट्टी, बालुवाको मौज्दात आर्थिक वर्षको अन्तमा वा सम्झौता बमोजिम शून्य गर्नेगरी जिल्ला समन्वय समितिले व्यवस्था मिलाउने छ।



- वन्यजस्तु जलचर तथा माछा सूची वनाउने
- दुर्लभ, लोपोन्मुख एवं संरक्षित प्रजातिहरू दुर्लभ, लोपोन्मुख एवं संरक्षित प्रजातिहरू

५.१.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

जनसङ्ख्या (प्रस्ताव क्षेत्रको/प्रस्तावित न.पा.को)

जात/जनजाति

शिक्षा एवं साक्षरता (Education and Literacy)

- पेशा, धर्म
- ऊर्जा, बिजुली एवं सञ्चार
- खानेपानी एवं स्वास्थ्यको सुविधा
- यातायात र पहुँचबाटो
- धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरू
- अन्य सामुदायिक संरचना/स्थलहरू

**अध्याय छ**

**प्रस्ताव कार्यान्वयनका विकल्पहरू**

६.१ प्रस्तावक कार्यान्वयन नगर्ने

६.२ प्रस्तावका विकल्पहरू

६.२.१ वैकल्पिक क्षेत्र

६.२.२ वैकल्पिक समय-तालिका एवं विधि

६.२.३ वैकल्पिक सम्पदा

**भाग सात**

**(प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन** ७.१.) भौतिक वातावरण

- बाढी एवं अन्य जल उत्पन्न प्रकोप
- नदीको वहाव/बाटोमा आउने प्रभाव
- भिरालोपन
- भौतिक संरचनामा हुने असर
- पानी तथा सरसफाइ
- धुलोपन एवं ध्वनि
- सङ्कलन/उत्खनन् सामग्रीको भण्डारणको प्रभाव
- फोहोरमैला एवं खेरजाने सामग्री

७.२.) सामाजिक आर्थिक एवं सामाजिक वातावरण आयस्रोतको एवं रोजगारीको अवसर

- बाटो/सडक सङ्सञ्जाल
- न.पा. को आयस्रोत

२.३.१ प्रस्तावको उद्देश्य
२.३.२ प्रस्ताव क्षेत्रको अवस्थिति
२.३.३.प्रस्तावित क्षेत्रमा यातायातको पहुँच
२.३.४. प्रस्तावको क्षेत्र निर्धारण
२.३.५.सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि)
२.४. प्रस्ताव क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवाको दिगो उत्खनन्/सङ्कलन
२.४.१. प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन्/सङ्कलन कार्य
२.४.२. ढुंगा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् ठेक्कापट्टाबाट हुने आयको प्रचलन
२.४.३.सङ्कलन/उत्खनन् गरिने परिमाणको आंकलन

**अध्याय तीन**

**३. अध्ययन विधि**

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण
३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण
३.३.सार्वजनिक सूचना जनपरामर्श एवं सिफारिस पत्रहरू
३.४. तथ्याङ्क विश्लेषण प्रभावहरूको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधि हरूको पहिचान सुझाव एवं प्रतिवेदन तयारी

**अध्याय चार**

**विधान, नीति, कानुनी व्यवस्था कार्यविधि, मापदण्ड एवं सम्मेलनहरूको पुनरावलोकन**

**अध्याय पाँच**

**वस्तुगत वातावरणीय अवस्थाको बयान**

५.१.१. भौतिक वातावरण
भूस्थिति

- माटोको प्रकार एवं भूगर्भ
- जलाधार क्षेत्र (Basin Hydrology)
- जलवायु/हावापानी जलवायु परिवर्तन
- हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा
- भू-उपयोग (Land Use)

५.१.२. जैविक वातावरण

वन तथा वनस्पति : प्रस्ताव प्रभावित क्षेत्रमा पाइने, वनस्पति एवं सामुदायिक वन



**७.८** नदीजन्य पदार्थउत्खनन् गर्दा वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको हकमा एक्सावेटर, डोजर लगायतका हेभि औजारको प्रयोग पूर्ण रुपले बन्देज गर्नु पर्नेछ ।तर एक्सावेटर तथा ठूला गह्रौं उपकरण प्रयोग गरी उत्खनन गर्दा कुनै नदीबाट दैनिक २५० घ.मी. नबढ्ने गरी दक्ष प्राविधिकको निगरानीमा कम भन्दा कम मेसिनहरू सम्बन्धित निकायको अनुमतिमा प्रयोग गर्न सकिने छ ।

**७.९**नदीजन्य पदार्थउत्खनन् गर्दा वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रत्येक बर्षको बर्षात समय सकिए पछि नदीको अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थकाअवस्थालाई स्थलगत रुपमा नै हेरी नदीको अवस्था अनुसार वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदन संशोधन गर्नु पर्ने भए सोही बमोजिम निर्णय नगर कार्यपालिकाको आन्तरिक अनुगमन समितिले गर्न सक्नेछ ।

७.१०ठेक्का सम्झौताका शर्तहरु पालना नभएको अवस्थामा जरिवाना तोक्ने अधिकार नगरपालिकाको न्यायिक समितिलाई हुनेछ ।

७.११सो जरिवानाको निश्चित प्रतिशतले हुने रकम अवैध उत्खनन् तथा चोरी निकासी कार्यमा सहयोग गर्ने सुराकीलाई पुरस्कार स्वरुप प्रदान गर्ने सम्बन्धि व्यवस्था नगरपालिकाले तोके बमोजिम हुने छ ।

७.१२ नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने कार्य र सोको प्रशोधन तथा विकि वितरण गर्ने कार्य भिन्दा भिन्दै व्यवस्थित गरी सम्झौता बमोजिम उत्खनन्, प्रशोधन भए नभएको एकिन गरी विकि तथा निकासीको व्यवस्था मिलाउने ।

७.१३क्रसर उद्योगहरुको दूरीको मापदण्डका साथै तोकिएको स्थानमा उद्योग सञ्चालन गर्ने वा नगर्ने एवं तोकिएका शर्तहरु पालना नगर्ने उद्योगहरुलाई अनिवार्य रुपमा तोकिएका शर्तहरु पालना गर्न लगाउने र यसको नियमित एवं प्रभावकारी रुपमा अनुगमन समितिबाट अनुगमन गर्ने ।

७.१४यो निर्देशीका बमोजिम मापदण्ड पुरा नगर्ने उद्योग तुरुन्त बन्द गर्न पर्नेछ । तर स्थानान्तरण गर्न पर्ने उद्योगहरुलाई पहिलो आर्थिक वर्षको लागि कर छुट दिन सकिने छ ।

७.१५ नदीजन्य पदार्थ स्थानीय आवश्यकता एवं त्यसको बजार मुल्यका सम्वन्धमा आन्तरिक नगर अनुगमन समितिले नियमित अनुगमन गरी अनुचित मुल्यबृद्धि हुन नदिने गरी व्यवस्था मिलाउने र अधिकतम मूल्य

निर्धारण गरी सो भन्दा बढिमा बिक्रीवितरण गर्ने उद्योग एवं व्यक्तिलाई कानुन बमोजिम कारवाही गर्नको लागि न्यायिक समितिमा सिफारिस गर्नु पर्ने छ । साथै कुनै उद्योग तथा व्यवसायीहरुबाट ढुंगा, गिटी र वालुवाको कृत्रिम अभाव सृजना गरे वा अनुचित मुल्यबृद्धि गरेको वा आपूर्तिमा अवरुद्ध गरेको पाईएमा न्यायिक समितिले संविधानले दिएको अधिकारमा रहि आवश्यक कारवाही गर्न सक्नेछ ।

७.१६ अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय मूल्यांकन प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिणाम उत्खनन् भैसकेको पाईएमा ठेक्का अवधी बाँकी रहे पनि उक्त नदीमा उत्खनन् गर्ने कार्य बन्द गर्नु पर्ने छ । सोको व्यवस्था ठेक्का संभ्फौतामा उल्लेख गर्नुपर्ने छ ।

७.१७विगत कुनै आ.ब. मा ठेक्का लिई नदी किनारा तथा वन क्षेत्रमा थुपारेर राखेकानदीजन्य पदार्थ वैध हुन नसक्ने भएकोले संबन्धित स्थानीय तहमार्फत जफत गरी लिलाम गर्ने व्यवस्था आन्तरिक नगर अनुगमन समितिले मिलाउनु पर्ने छ र सोको जानकारी ठेकदारलाई दिनु पर्ने छ ।

७.१८अनुगमन कार्यमा लाग्ने खर्च राजस्व बाँडफाँड गर्दा व्यवस्था गर्नुपर्नेछ ।

७.१९जिल्ला समन्वय समिति, प्रदेश र संघ स्तरमा अनुगमन समितिले नगरपालिकाको आन्तरिक अनुगमन समितिसंग समन्वयमा गरि नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गर्न सक्नेछ । साथै माथिल्लो निकायबाट भएको अनुगमनको क्रममा समितिले दिएको सुझावलाईग्रहण गरि कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद ५

### ८. क्रसर उद्योग सञ्चालनसम्बन्धी दूरी मापदण्ड

८.१ मन्त्रिपरिषदको मिति २०७०।०५।१७समेतको निर्णयलाई आधार मानि तराई क्षेत्रको हकमा देहाय बमोजिमको दूरीसम्बन्धि मापदण्ड लागु गरिएको छ ।

| क्र.सं | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्ग तथा सहायक मार्गको राईट अफ वे बाट | ५०० मि. |
| २ | नदी, खोलाको वर्षातको प्रवाह सिमा किनारबाट | ५०० मि |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धर्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ कि मि |
| ४ | हाईटेन्सन लाईनबाट | १०० मि |
| ५ | पक्की पुलबाट | ५०० मि |
| ६ | अन्तर्राष्ट्रिय सिमाबाट | १ कि मि |



- वातावरणमा पर्ने प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्नाका लागि उपयुक्त प्रभाव न्यूनीकरणका उपायहरूको चयन गर्ने ।
- स्वस्थ एवं सरसफाइ कायम गर्ने उपायहरू ।

लागत लाभ मूल्याङ्कनको निचोडमा निम्न कुराहरू उल्लेख गर्नुपर्दछ ।

- वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू अपनाउनको लागि लाग्ने खर्च ।
- सकारात्मक प्रभाव बढोत्तरीकरणका उपायहरू अवलम्वन गर्नका लागि लाग्ने खर्च ।
- सामाजिक उत्थान कार्यक्रमको लागि लाग्ने खर्च ।
- वातावरणीय अनुगमनका लागि लाग्ने खर्च ।
- प्रस्तावको कूल आय ।
- वातावरणीय खर्च प्रस्तावको कूल आम्दानीको कति प्रतिशत हुन आउँछ ।

१२. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरू

**१३. अन्य सान्दर्भिक विषयवस्तु**

**१४. प्रतिवेदनको स्वरुप**

IEE प्रतिवेदनको स्वरुप निम्नानुसार हुनेछ ।

सङ्क्षिप्त शब्दावलीहरू

विषय सूची

कार्यकारी सारांश (नेपालीमा)

कार्यकारी सारांश(अंग्रेजीमा)

तालिकाको सूची

चित्रको सूची

**अध्याय एक**

**परिचय**

१.१. प्रस्तावको नाम

१.२. प्रस्तावकको नाम र ठेगाना

१.३. IEE प्रतिवेदन तयार पार्ने संस्था/व्यक्ति

१.४. प्रस्तावको पृष्ठभूमि

१.५. IEE को उद्देश्य

**अध्याय दुई**

**प्रस्तावको सामान्य परिचय**

२.१ प्रस्तावको प्रकार

२.२ प्रस्तावको प्रमुख विशेषताहरू

२.३ प्रस्तावको विवरण

## ९. प्रस्ताव कार्यान्वयनका विकल्पहरू

IEE अध्ययनको सिलसिलामा प्रस्ताव स्थान, कार्यविधि, प्रविधि एवं समय-तालिकाजस्ता निम्न उल्लिखित आयामहरू/पक्षहरू समेटी प्रस्ताव कार्यान्वयनका विकल्पहरूको समीक्षा गर्नुपर्दछ ।

९.१ प्रस्तावक कार्यान्वयन नगर्ने
९.२ प्रस्तावका विकल्पहरू
९.२.१ वैकल्पिक क्षेत्र
९.२.२ वैकल्पिक समय-तालिका एवं विधि
९.२.३ वैकल्पिक सम्पदा

## १०. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको बढोत्तीकरण/न्यूनीकरण गर्ने उपायहरू (Impact)

प्रभावको बढोत्तीकरण/न्यूनीकरण गर्ने उपायहरूको चर्चा गर्दा देहायका विषयवस्तुहरू समावेश गरिनुपर्दछ । अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरूको बढोत्तीकरण गर्ने उपायहरू एवं हरेक नकारात्मक प्रभावहरू निषेध गर्ने/सच्याउने/क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरू प्रतिवेदनमा उल्लेख गर्ने ।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरू प्रस्ताव कार्यान्वयनको (सङ्कलन/उत्खनन् एवं ढुवानी) चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वर्गीकरण गर्ने ।

वनस्पति एवं वन क्षेत्रसँग सम्वन्धित प्रभाव न्यूनीकरणको उपायहरू प्रस्ताव गर्दा "वन क्षेत्रको जग्गा प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३" अनुरुप प्रस्ताव गर्ने ।

हरेक वातावरणीय प्रभावलाई समेट्ने गरी वातावरणीय "प्रभाव–म्याट्रिक्स" तयार पार्ने ।

## ११. वातावरणीय व्यवस्थापन योजना

IEE अध्ययन प्रतिवेदनमा वातावरणीय व्यवस्थापन योजना अन्तर्गत देहायका विषयवस्तुहरू समावेश/उल्लेख गर्नुपर्दछ ।

- वातावरणीय व्यवस्थापनयोजना कार्यान्वयनको लागि जिम्मेवार कार्यालयहरू ।
- प्राविधिक अनुगमन कार्यमा आवश्यक प्राविधिक जनशक्ति एवं उक्त अनुगमनको खर्च विवरण ।
- स्थानीय तहमा रहने अनुगमन टोलीको विवरण एवं अनुगमन खर्च ।

वातावरण सुरक्षा/संरक्षण उपायहरूको लागत खर्च प्रस्ताव गर्नुअघि निम्न विषयहरू ध्यान दिनुपर्दछ ।

- सम्पत्ति क्षतिको लागि उपयुक्त क्षतिपूर्ति दिने ।



| | | |
|---|---|---|
| ७ | निकुञ्ज, आरक्ष र संरक्षित क्षेत्रबाट | २ कि मि |
| ८ | घना वस्तीबाट | २ कि मि |
| ९ | वन, वनक्षेत्रबाट | २ कि मि |
| १० | ऐतिहासिक ताल, तलैया, जलासय र पोखरी | २०० मि |

८.२प्रस्तुत मापदण्ड लागु भएपछि नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा संकलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि रस्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्न पर्ने छ ।

८.३ नयाँ दर्ता हुने क्रसर उद्योग सञ्चालनको लागि वन तथा भूसंरक्षण मन्त्रालय वा सो मातहतका निकायहरुको सहमति आवश्यक पर्ने विषयमा ती निकायहरुबाट सहमति प्राप्त गरी स्वीकृति प्रदान गर्नु पर्नेछ ।

८.४ नदी तथा अबैध क्रसरको माध्यामबाट नदीजन्य पदार्थ संकलन गरी मुल्य अभिबृद्धि कर जारी गरेको आधारमा नदीजन्य पदार्थको कारोवार बैध हुन नसक्ने भएकोले यस प्रकारको कारोवारमा रोक लगाउनु पर्ने ।

८.५ आन्तरिक अनुगमन समिति लेसो मापदण्ड अनिवार्य रुपमा पालना गराउनु पर्ने छ ।

८.६ प्रशोधन कारखाना स्थापना गर्दा साईड ड्रेन र हिलो थेग्रने पोखरी (सेटिङ पोण्ड) व्यवस्था गरेको हुन पर्नेछ ।

८.७प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्यांकन (IEE/EIA) स्वीकृत गरी स्थापना वा सञ्चालन गरेका नदीजन्य खानी क्रसर तथा प्रशोधितउद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत खुलाउनुपर्ने तथा हरेक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा आयव्यय घोषणा गर्नु पर्नेछ ।

८.८ माथि उल्लेखित बमोजिमको मापदण्ड पुरा नगर्ने उद्योगहरु तत्काल बन्द गर्नु पर्नेछ।

८.९ क्रसर, वालुवा धुने तथा प्रशोधनगर्ने उधोगहरुले आफुले प्रयोग गर्ने नदीजन्य पदार्थकोस्रोत आन्तरिकअनुगमनसमितिलाई दिनु पर्ने छ र स्रोत नखुलेको नदीजन्य पदार्थ पाईएमा जरिवाना सहित राजस्व निर्धारण गरी राजस्व असुली गर्नु पर्ने छ ।

८.१० नदी किनारा तथा सडक किनारामा स्थापना गरी सञ्चालन भएका वालुवा प्रसोधन उद्योगलाई निश्चित समय दिई स्थानान्तरण गर्न लगाउने र

यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा नगरपालिकाले दर्ता खारेज गर्न लगाउने ।

८.११ नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगको हकमा वातावरणीय प्रभाव मूल्यांकन गराई उत्पादनमुलक उद्योगको प्रक्रियाबाट दर्ता हुने ब्यबस्था मिलाउनु पर्ने ।

## परिच्छेद ६

### ९. नेपाल सरकारबाट संचालित ठूला आयोजनाको लागि विशेष व्यवस्था

९.१नेपाल सरकारको मिति २०७२।१०।२० को निर्णय समेतको आधारमा नेपाल सरकार र स्थानीय तहबाट संचालित तथा दातृ निकायहरुबाट आयोजनाहरुलाई आवश्यकपर्ने नदीजन्य पदार्थकोउत्खनन् वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षणका प्रावधान पालना गरीआयोजना आफैले उत्खनन् गरी स्थानीय तहलाई राजस्व बुझाई तोकिएको स्थानबाट आयोजनाले उठाउने व्यवस्थानगरपालिकाले मिलाउनु पर्नेछ ।

९.२ यसरी प्राप्त गरेको नदीजन्य पदार्थप्रयोग आयोजनाको लागि मात्र गर्नु पर्नेछ । अन्यत्र प्रयोग भएमा कारवाही हुने व्यवस्था मिलाउनु पर्नेछ ।

९.३ नदीजन्य पदार्थउत्खनन् गर्ने उद्योगबाट उत्पादित सामाग्री पानी नचुहाई, नपोखी र सामाग्री ढाकेर ओसारपसार र ढुवानी अन्य दफामा भएका प्रावधान बमोजिम गर्नु पर्नेछ ।

९.४ संघ, प्रदेश र नगरपालिका तथा दातृ निकायहरु सञ्चालित आयोजनाहरुको वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण गर्दाको बखत नै आयोजनालाई चाहिनेनदीजन्य पदार्थउत्खनन् गरिने स्थलको समेत आयोजना आफैले सोही वातावरण प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

९.५ नेपाल सरकारको मिति २०७२।१०।२० र मिति २०७२।११।२१ को निर्णयानुसार नेपाल सरकारबाट संचालित आयोजनाहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थको राजस्व सम्बन्धित स्थानिय तहलेनै बुझाउनु पर्ने छ ।

९.६ नेपाल सरकार र भिमदत्त नगरपालिका तथा दातृ निकायहरु संचालित आयोजनाहरुको लागि ढुङ्गा, गिट्टी, वालुवाको ओसारपसार र ढुवानी गर्दा अन्य दफामा व्यवस्था भए बमोजिमका प्रावधानहरु पालनागर्नु पर्नेछ ।

९.७संघ प्रदेश तथा दातृ निकायको सहयोगमा संचालित परियोजनाहरुलाई माग बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, योजनाले स्वीकृत



अध्ययनको समय निम्नानुसारको तालिका बनाई उल्लेख गर्ने । (नोट : यस समय-तालिकामा ToR र IEE प्रतिवेदन स्वीकृतिको लागि आवश्यक सयम समावेश गरिएको छैन भनी उल्लेख गर्ने । सामान्यतया IEE अध्ययन र प्रतिवेदन तयारीको समय तीन (३) महिना लिइन्छ । )

| क्रियाकलाप/महिना | पहिलो महिना | दोस्रो महिना | तेस्रो महिना |
|---|---|---|---|
| साहित्य पुनरावलोकन, तथ्याङ्क सङ्कलन, समीक्षा एवं कार्यसूची(ToR) को तयारी | | | |
| ToR लिखतलाई स्वीकृतिको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा बुझाउने एवं ToR को स्वीकृति | | | |
| सार्वजनिक सूचना प्रकाशन, फिल्ड अध्ययन भ्रमण एवं जनपरामर्श तथा बैठक | | | |
| IEE प्रतिवेदनको खाका तयार गर्ने | | | |
| विज्ञबाट प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने | | | |
| अन्तिम प्रतिवेदन स्वीकृतिको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा बुझाउने | | | |

८.२. अध्ययन टोली (Study Team):

अध्ययन टोलीमा निम्नानुसारको विज्ञ हुनुपर्दछ भनी उल्लेख गर्ने ।

- वातावरण विज्ञ …………………टोली प्रमुख
- भूगर्भशास्त्री एवं मौसमविद् टोली सदस्य
- इकोलोजिष्ट टोली सदस्य
- समाज–अर्थशास्त्रीटोली सदस्य

८.३. अध्ययन खर्च लागत

IEE अध्ययनका लागि छुट्याइएको/विनियोजित गरिएको रकमको परिमाण उल्लेख गर्ने ।

७.१.१. भौतिक वातावरण बाढी एवं अन्य जलउत्पन्न प्रकोप

- नदीको वहाव/बाटोमा आउने प्रभाव
- भिरालोपन
- भौतिक संरचनामा हुने असर
- पानी तथा सरसफाइ
- धुलोपन एवं ध्वनि
- सङ्कलन/उत्खनन् सामग्रीको भण्डारणको प्रभाव
- फोहोरमैला एवं खेरजाने सामग्री

७.१.२.सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण आयस्रोतको एवं रोजगारीको अवसर

- बाटो/सडक सञ्जाल
- न.पाको आयस्रोत
- विकास निर्माण सामग्रीको उपलब्धता
- धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य एवं सुरक्षा
- जनसङ्ख्या विस्थापना
- खेतीयोग्य जमिन एवं कृषिजन्य सामग्री
- कामदारबीच झैंझगडा
- नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण
- पैदलयात्रीको सुरक्षा

७.१.३. जैविक वातावरण (Biological Environment):

- माछा एवं अन्य जलचरमा पर्ने प्रभाव
- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार
- वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार

७.१.४.रासायनिक वातावरण

इन्धन, लुब्रिकेन्टस, अम्ल तथा अन्य रसायनहरूको चुहावट

- धुलो एवं धुवाँ उत्सर्जन

**८. प्रतिवेदनको तयारी (Preparation of the Report):**

यस प्रतिवेदन वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५ अनुरुप तयार गरिएको छ भनी उल्लेख गर्ने

८.१ अध्ययनको समय-तालिकालगायत खर्च एवं अध्ययन टोली (Time Schedule, Budget and Study Team):

अध्ययनको समय-तालिका



गरेको वातावरणीय मूल्यांकन प्रतिवेदन, कर तिर्ने प्रतिबद्धता, आयोजनाको बृहत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरि भएको सम्झौता लगायतका कागजातको आधारमा नगरपालिको सिफारिसमा सोहि निकायबाट कर संकलन गर्ने गरि आन्तरिक अनुगमन समितिबाट निर्णय गरी उपलब्ध गराउन सकिने छ।

९.८ बैदेशिक सहायताबाट संचालित परियोजनाको हकमा नदीजन्य पदार्थ निशुल्क रूपमा उपलब्ध गराउनुपर्ने भएमा संबन्धित योजनाको लागि भएको दुई पक्षीय वा बहुपक्षीय संझौतामा सो बिषय खुलेको हुनु पर्ने छ।

## परिच्छेद ७

### १०. प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रत्यायोजित व्यवस्था

१०.१ वातावरण संरक्षणऐन र वातावरण संरक्षण नियमावली बमोजिम नगरपालिकार गाँउपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गराउँदाआफ्नो राय सहित जिल्लास्तरीय अनुगमन तथासमन्वय समितिमा प्रस्ताव पेश गर्नुपर्नेछ।

१०.२ नगर समन्वय समितिले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गराउनु भन्दा अघि देहाय बमोजिमको प्राविधिक समिति गठन गरी सो समितिको राय सुझावको आधारमा स्वीकृत गर्नु पर्नेछ । प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (TOR) र प्रतिवेदनको नमूना फर्मेट अनुसूची १० मा समावेश गरिएको छ।

१०.३ प्राविधिक समितिमा देहाय बमोजिम सदस्यहरु रहने छन।

क) नगर प्राविधिक कार्यालयको प्रमुख...............................संयोजक

ख) वन र भूसंरक्षण अधिकृत..........................................सदस्य

ग) योजना अनुगमन तथा प्रशासकीय अधिकृत वा जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत.......................सदस्य

घ) नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ......सदस्य

ङ वातावरण अधिकृत..................सदस्य

च) भुर्गवविद.............................सदस्य

१०.४प्राविधिक समितिबाट सिफारिस सहित पेस भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) जिल्लासमन्वय समितिको बैठकले छलफल गरी परिमार्जन सहित वा पेस भए बमोजिम स्वीकृत गर्ने छ।

## परिच्छेद ८

### ११.नदीजन्य पदार्थ संकलनबाट प्राप्तराजस्व बाँडफाँड सम्बन्धी आधार र कूल राजस्वको प्रतिशत निर्धारण सम्बन्धी व्यवस्था

११.१ राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था गर्दा नदीजन्य पदार्थ उत्खनन् गरिने स्थल र क्षेत्रमा पर्ने वातावरणीय, सामाजिक तथा आर्थिक असरलाई ध्यान दिनु पर्नेछ ।

११.२ नदीजन्य पदार्थ उत्खनन् गरिने स्थल र क्षेत्रको माथिल्लो र तल्लो भागको वातावरणीय, सामाजिक तथा आर्थिक असरलाई ध्यान दिनु पर्नेछ ।

११.३ राजस्व बाँडफाँड सम्बन्धि व्यवस्था गर्दा नदीजन्य पदार्थ उत्खनन् गरिने स्थल र क्षेत्रमा पर्ने छिमेकी स्थानीय तह, जिल्लासमन्वय समिति, संबन्धित प्रदेश र नेपाल सरकारलाई प्रदान गर्ने हिस्सालाई पनि ध्यान दिनु पर्नेछ ।

११.४ उल्लेखित विषयहरुलाई मध्यनजर राखी राजस्व बाँडफाँड सम्बन्धि व्यवस्था गर्दा देहाय बमोजिम प्रतिशत निर्धारण गर्नु पर्नेछ ।

११.५स्थानिय तहले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद ९

### १२. विविध

**१२.१टोली गठन सम्बन्धमाः** नगरपालिकाले प्रत्येक वर्ष स्रोतको पहिचान, आंकलन र उपयोगकोलागि अध्ययन गर्न विज्ञ सहितको एक कार्य टोली बनाई काम लगाउनु पर्नेछ ।

**१२.२. विदेश निकासी सम्बन्धी व्यवस्थाः** नदीजन्य पदार्थ उत्खनन् गरी निकासी गर्दा मुल्य अभिबृद्धि गर्न कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्नु पर्नेछ ।तर निकासी सम्बन्धि ब्यवस्था नेपाल सरकारको निर्णय बमोजिम हुने छ ।

१२.३. **मजदुर सम्बन्धि व्यवस्थाः**

**क.** नदीजन्य पदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरको पहिचान गरि सम्वन्धित वडाले फोटोसहितको मजदुर परिचयपत्र वितरण र सुचिकृत गराउनुपर्नेछ ।

ख. मजदुरलाई काम लगाउँदा नगरपालिकाको सम्वन्धित वडामा सुचिकृत भएका मजदुरलाई मात्र श्रममा लगाउनु पर्ने छ र करार पत्र गरी गराउन पर्दछ । सुचिकृत नभएका मजदुरलाई काममा लगाएमा वा काम गरेमा त्यस्तो काम अवैध मानिनेछ ।

**ग.** नदीजन्य पदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरको विमा र स्वास्थ्यको पक्षमा आवश्यक व्यवस्था, सामाजिक सुरक्षाकोषमा संलग्न गराउने कार्य, उत्खनन् र प्रशोधन कर्ताले गर्नु पर्नेछ ।



समीक्षा एवं अनुमान गर्दा ती प्रभावलाई महत्वपूर्ण वा महत्वहीन भनि बर्गीकरण गर्नु पर्दछ ।

**५. प्रतिवेदन तयार पार्दा विचार गर्नुपर्ने विधान, नीति, कानुनी व्यवस्था, कार्यविधि, मापदण्ड एवं सम्मेलनहरू**

**६.वस्तुगत वातावरणीय अवस्थाको बयान**

वातावरण अध्ययन टोलीले IEE को कार्यसूची(ToR) तयार पार्नुअगाडि प्रस्ताव क्षेत्रको स्थलगत भ्रमण गरी प्रस्ताव क्षेत्रको भौतिक जैविक, रासायनिक एवं सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणका निम्न पक्षहरूको अध्ययन गरी लिखत तयार पार्ने ।

६.१.१. भौतिक वातावरण भूस्थिति माटोको प्रकार एवं भूगर्व जलाधार क्षेत्र (Basin Hydrology)

- जलवायु/हावापानी (Climate)/जलवायु परिवर्तन
- हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा भू उपयोग (Land Use)

६.१.२. जैविक वातावरण

वन तथा वनस्पति : प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वनस्पति एवं वनको विवरण उल्लेख गर्ने ।

- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वन्यजस्तु ,जलचर तथा माछाको सूची बनाउने ।
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने दुर्लभ, लोपोन्मुख एवं संरक्षित प्रजातिहरूको सूची बनाउने ।

६.१.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

- प्रस्ताव क्षेत्रको/प्रभावित जनसङ्ख्या जात/जनजाति (Caste and Ethnicity):
- शिक्षा एवं साक्षरता
- पेशा, धर्म
- ऊर्जा, बिजुली एवं सञ्चार
- खानेपानी एवं स्वास्थ्यको सुविधा
- यातायात र पहुँचमार्ग
- धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरू
- अन्य सामुदायिक संरचना/स्थलहरू

**७.प्रस्ताव कार्यान्वायन गर्दा वातावरणमा पर्ने खास प्रभाव**

स्थलगत अध्ययन भ्रमण एवं वस्तुगत वातावरणीय अवस्थाको लिखत तयार पारिसकेपछि प्रस्ताव कार्यान्वयन गर्दा त्यहाँको वातावरणमा पर्न सक्ने खास प्रभावहरूको पहिचान, अनुमान एवं समीक्षा निम्न पक्षहरूमा केन्द्रित भई गर्ने ।

जनसाधारणलाई प्रस्तुत प्रस्ताव कार्यान्वयनसम्बन्धी जानकारी दिन एवं प्रस्ताव कार्यान्वयनले गर्दा उक्त क्षेत्रको भौतिक, जैविक, रासायनिक एवं सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न जान सक्ने विभिन्न प्रभावहरूबारे धारणा, राय, सुझाव लिनका लागि कुनै पनि राष्ट्रिय दैनिकमा प्रस्ताव सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने । उक्त सूचना सम्वन्धित गाउपालका, जि.वि.स., न.पा. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी वा प्रस्ताव क्षेत्रनजिक रहेका अन्य सार्वजनिक स्थलमा टाँस्ने । यदि प्रस्ताव कार्यान्वयनका लागि सरकारी/समुदायिक वन जग्गा आवश्यक पर्दछ भने सम्वन्धित गा.पा/न.पा., जिल्ला वन कार्यालयको साथसाथै अन्य सम्बन्धित निकायहरूबाट सिफारिस-पत्र लिने । लिइएका सिफारिसपत्रहरूको छायाँप्रति IEE प्रतिवेदनमा राख्ने ।

४.४.फिल्ड अध्ययनभ्रमणको क्रममा प्रस्ताव एवं प्रस्ताव प्रभावित क्षेत्रको वस्तुगत वातावरणीय अवस्था (Existing Environmental Conditions) को विवरण तयार गर्ने ।

४.४.१. भौतिक वातावरण (Physical Environment): विभिन्न प्रकाशित/उपलब्ध नक्शा, पुस्तक, स्रोत र सामग्री एवं प्रस्ताव-क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने ।

४.४.२ जैविक वातावरण (Biological Environment):वनस्पतिको विश्लेषण/समीक्षा गर्ने उपयुक्त विधि अपनाई प्रस्ताव एवं प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वनस्पति एवं वनक्षेत्रको अध्ययन एवं समीक्षा गर्ने । प्रस्ताव क्षेत्रमा पाइने वन्यजन्तुसम्बन्धी विवरण वन्यजन्तुको पाउको निशाना, वनक्षेत्र भ्रमण, अवलोकन एवं स्थानीय बासिन्दाहरूसँगको छलफलको आधारमा लिइने छ । त्यसैगरी माछा लगायतका जलचरको विवरण 'क्याप्चर–रिक्याप्चर'(Capture-Recapture) विधि, नदी क्षेत्रको अवलोकन एवं स्थानीय बासिन्दाहरूसँगको छलफलबाट लिइने छ ।

४.४.३.सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण विभिन्न जँचसूची एवं प्रश्नावली, धरधुरी सर्भेक्षण, लक्ष्यित समूह (जस्तै- महिला, जनजाति आदि) सँगको छलफल आदि मार्फत् सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विवरण तयार गर्ने ।

४.४.४. तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुमानस्थलगत अध्ययन भ्रमण तथा अन्य उपयुक्त माध्यमबाट आधारभूत तथ्याङ्कसङ्कलन गरिसकेपछि ती तथ्याङ्कहरूलाई बिभिन्न समूह (जस्तै: भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक) मा वर्गीकरण गर्ने । विज्ञबाट प्राप्त सुझाव, सङ्कलित तथ्याङ्क एवं कम्प्युटर प्रविधि प्रयोग गरी तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुमान गर्ने ।वातावरण प्रभावको



घ. नदीजन्य पदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरको श्रमको पारिश्रमिक सकेसम्म बैंकीङ्ग प्रणाली अवलम्वन गर्नुपर्ने साथै मजदरको अधिकतम हक, हित र सुरक्षालाईमध्यनजर गर्नुपर्नेछ ।

**ङ**. नदीजन्य पदाथको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरलाई सुरक्षा तालिम र सुरक्षा सामाग्री उपलब्ध गराउन पर्नेछ ।

**१२.४ सुचना हक:**

**क.**नदीजन्यपदार्थ उत्खनन् गरिने स्थलमा अनुसुचि ११ बमोजिमको सूचना बोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

**१२.५ वातावरणमैत्री उदेश्य:**

क. माझी समुदायको पेसालाई कुनै असर नपर्ने गरि हाल भएको व्यवस्थालाई अझै सुदृढ बनाउन ध्यान दिनु पर्ने ।

ख. सांस्कृतिक र धार्मीक महत्वको ठाउँहरुलाई ध्यानमा राख्नु पर्नेछ ।

ग. नदीको किनार वरिपरि वृक्षरोपण गरि भुक्षयबाट हुनसक्ने प्राकृतिक प्रकोपलाई न्युनिकरण गर्ने ।

घ. सार्वजनिक सडकको दायाँवायाँ पैदल पथ र नाला निर्माण गर्न ध्यान दिनु पर्ने ।

ङ. सरकारी निकाय तथा अन्य सरोकारवाला समाजसंगको समन्वयमा खोला किनारामा वसोवास गर्ने स्थानियहरुको जिविकोपार्जानमा सहयोग पुऱ्याउने ।

## अनुसुचि नं १
## (दफा ४.१ बमोजिम)
### नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता पदार्थको संकलन, उत्खनन्का चरणहरुको नमूना

| क.सं | चरणहरु | समय अवधि |
|---|---|---|
| १ | वर्षायाम पछि नदीको नक्शा तयार | |
| २ | संकलन र उत्खनन्को लागि सम्भाव्यता क्षेत्र पहिचान | |
| ३ | वतावरणीय प्रभाव मूल्यांकन कार्य/प्रारम्भिक वातावरणीय परिक्षण | |
| ४ | प्रस्ताव माग | |
| ५ | प्रस्ताव विश्लेषण | |
| ६ | प्रस्ताव स्वीकृति | |

## अनसूची २
## (दफा ४.४बमोजिम)

नगरपालिकालेप्रयोग गर्नेप्रत्येक वर्ष वर्षायाम पछि नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्टको नमूना:

| क.सं | विवरण | छ वा छैन | कै. |
|---|---|---|---|
| १. | वातावरणीय मूल्यांकनले औंलाएका विषयहरु अनुसारको अवस्था | | |
| २. | वातावरणीय मूल्यांकनले संकलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३. | ढुङ्गा, गिट्टी, वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४. | संकलन, उत्खनन र ढुवानीको लागि नयां प्रावधान आवश्यक | | |
| ५. | नदीले वहाव परिवर्तन गरेको | | |
| ६. | वातावरणीय मूल्यांकनले औंलाएका पहिलेको अवस्था | | |
| ७. ८. | पहिले वातावरणीय मूल्यांकनले औंलाए अनुसार संकलन तथा उत्खनन गर्न मिल्छ वा मिल्दैन | | |
| ९. | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| १०. | उत्खनन् गरिने परिमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |



अन्य क्षेत्रमा छुट्याउने । हरेक सङ्कलन/उत्खनन् क्षेत्रलाई उपर्युक्त टोपोनक्शामा देखाउने ।)

२.३.४.सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि) (सङ्कलन/उत्खनन् गरिने ठाउंको सङ्ख्या, उत्खनन्/सङ्कलन एवं ढुवानी गर्ने विधि उल्लेख गर्ने ।)

२.३.५. कार्यसूचीको उद्देश्य (यस कार्यसूचीको उद्देश्य बुँदागत रुपमा उल्लेख गर्ने : जस्तै क्ष्भ्भ अध्ययन कार्यलाई निर्देशन गर्ने, प्रस्ताव कार्यान्वयनका कारणले वातावरणमा देखिन सक्ने सम्पूर्ण सकारात्मक तथा नकारात्मक असरहरू पहिल्याउने, आदि । )

२.३.६. IEE को उद्देश्य IEE अध्ययन गर्नाका प्रमुख उद्देश्यहरू बुँदागत रुपमा उल्लेख गर्ने । जस्तै : प्रस्तावक्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक, जैविक, सामाजिक/आर्थिक तथा सामाजिक वातावरणको लिखत तयार पार्ने, प्रस्तावको प्रभावहरू पहिचान, समीक्षा एवं वर्गीकरण गर्ने आदि । )

### ३. IEEअध्ययन गर्नुको आवश्यकता

(प्रस्तुत IEE अध्ययन कार्य किन गरिएको हो कारण उल्लेख गर्ने । उदाहरणको लागिः प्रस्ताव कार्यन्वयनका कारणले वातावरणमा पर्न सक्ने सकारात्मक प्रभावको बढोत्तरी एवं नकारात्मक प्रभावहरू न्यूनीकरण गर्नका लागि, वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली २०५४अनुसार प्रस्तुत प्रस्ताव (ढुङ्गा, गिट्टी, बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्य) कार्यान्वयन गर्नुभन्दा अगाडि प्रस्ताव प्रभावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) अनिवार्यरुपमा गर्नुपर्ने प्रावधान पूरा गर्न । )

### ४. अध्ययन विधि

प्रस्तुत प्रस्तावकोIEE को अध्ययन निम्नविधिहरू अवलम्वन गरी गर्नुपर्दछ भनी उल्लेख गर्ने ।

४.१. प्रारम्भिक अध्ययन

प्रस्तावसँग सम्बन्धित एवं आवश्यक जानकारी र तथ्याङ्क विभिन्न स्रोतबाट सङ्कलन गर्ने ।

४.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण IEEअध्ययन टोलीले फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण गरी आवश्यक जानकारी लिने । तथ्याङ्क सङ्कलन एवं फिल्ड निरीक्षणका क्रममा उपयुक्त स्थलमा स्थानीय व्यक्तिहरूसँग प्रस्ताव कार्यान्वयनसम्बन्धी छलफल गर्ने र उनीहरूबाट प्रस्तावसँग सम्वन्धित धारणा/सुझाव लिने । त्यसैगरी लक्ष्यित समूह छलफलमार्फत् लक्षित समूह ( जस्तैः महिला, जनजाति आदि) को प्रस्तावसँग सम्वन्धित अवधारणा लिने ।

४.३.सार्वजनिक सूचना एवं सिफारिस पत्रहरू

| | | |
|---|---|---|
| | अक्षंश (Latitude) | |
| | देशान्तर Longitude | |
| | प्रस्तावत क्षेत्रमा जाने पहुँचमार्ग (Accessroad) | |
| | सङ्कलन/उत्खनन् विधि | |
| | सङ्कलन/उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेसिनरी | |
| | दैनिक/वार्षिक सङ्कलन/उत्खननको परिमाण | वर्ष/दिनमा कति परिमाण (Volume) सङ्कलन/उत्खनन् गर्ने हो उल्लेख गर्ने। |
| | सङ्कलन /उत्खनन् गरिने अवधि | वर्षमा कति महिना वा दिन सङ्कलन/उत्खनन् गर्ने उल्लेख गर्ने। |
| | सङ्कलन/उत्खनन् स्थालको सङ्ख्या | |
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरू : | ढुङ्गा, गिट्टी, वा बालुवा मध्य कुन कुन सामग्री उत्खनन्/सङ्कलन गरिने हो उल्लेख गर्ने। |
| | प्रस्तावअर्न्तगतका कार्यहरू | प्रस्ताव अर्न्तगतका कुन कुन कार्य (सङ्कलन/उत्खनन्/ढुवानी) गर्ने हो उल्लेख गर्ने |
| | प्रभावित गाउपालिका/नगरपालिका/बस्ती आदि | |
| ५. | IEE प्रतिवेदनको वैधानिकता | यो IEE प्रतिवेदन कहिलेदेखि कहिलेसम्म वैधानिक रहन्छ उल्लेख गर्ने। |

